Regd. No.: 153639/073/074

# Panchthar Power Company Ltd.

प.स. ०८०/०८१
च.नं. ८१

मिति: २०८१ ०२ ०३

श्री नेपाल धितोपत्र बोर्ड ।
खुमलटार, ललितपुर ।
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा,काठमाण्डौ ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलिसडक ,काठमाण्डौ ।

**विषय : आठौं बार्षिक साधारण सभाको सूचना प्रकाशन गरिएको बारे ।**

महेदय,

प प्रस्तुत विषयमा यस पाँचथर पावर कम्पनि लिमिटेडको आ.व २०७९/०८० को आठौं बार्षिक साधारणसभा मिति २०८१ जेष्ठ २७ गते ११ बजे होटल इम्पेरीयल बतिसपुतलिमा संचालन गरिने कुराको जानकारी गराउदै उक्त सभाको सुचना राष्ट्रियस्तरको दैनिक राजधानी पत्रिकामा प्रथम पटक मिति २०८१ जेष्ठ ६ गते प्रकाशित गरिएको र सो सुचना यसै पत्र साथ संलग्न गरि पेश गरिएको ब्यहोरा जानकारी को लागी अनुरोध गरिन्छ ।

**आठौं बर्षिक साधारणसभा गर्ने प्रयोजनका लागी मिति २०८१/०२/१७ गते बिहिवार एक दिन कम्पनिको शेयर धनि दर्ता किताब बन्द रहने** ब्यहोरा समेत जानकारीको लागी अनुरोध गर्दछु ।

..........................
सुन्दर मणि सुवेदी
कम्पनि सचिव

बोधार्थ:

श्री शेयर रजिष्ट्रार,सानिमा क्यापटिल लिमिटेड,
नक्शाल, काठमाण्डौ

# पाँचथर पावर कम्पनि लिमिटेड
Panchthar Power Company Limited

हात्तिवन, ललितपुर, फोन नं. ०१-५९१२००३, ०१-५९१६००४

Email : ppchewa@gmail.com, website: www.ppcl.com.np


# आठौं वार्षिक साधारण सभा बस्ने वारेको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०२/०६**

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस पाँचथर पावर कम्पनि लिमिटेडको मिति २०८१/०२/०४ मा वसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न कम्पनीको आठौं वार्षिक साधारण सभा बस्ने भएकोले सम्पूर्ण शेयरधनि महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१ साल जेष्ठ २७ गते आइतवार (तदनुसार सन् २०२४ जुन ९) ।

समय : बिहानको ११.०० बजे

स्थान : होटल इम्पेरीयल काठमाण्डौ, बत्तिसपुतली ।

**छलफलका बिषयहरु :**

**क. सामान्य प्रस्तावहरुः**

१. अध्यक्षज्यूको मन्तव्य तथा आठौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

२. लेखापरीक्षकद्वारा प्रस्तुत आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहितको आय व्यय विवरण र वासलात माथि छलफल गरि पारित गर्ने बारे ।

३. आगामी आ.व. २०८०/०८१ को लागी लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने बारे।

**ख. विशेष प्रस्तावहरु**

१. कम्पनीको नियमावलिको नियम २७(२), (संचालक समितिको संख्या) मा संशोधन गर्ने वारे ।

२. पाँचथर पावर कम्पनी लिमिटेडले श्री एक्सेस इन्भेष्टमेन्ट प्रा.लि. र मेगा भेन्चर प्रा.लि.लाई प्राप्ति/गाभ्ने बारे ।

३. पाँचथर पावर कम्पनी लिमिटेडले श्री एक्सेस इन्भेष्टमेन्ट प्रा.लि. र मेगा भेन्चर प्रा.लि.लाई प्राप्ति/गाभ्ने सन्दर्भमा आवश्यक पर्ने विभिन्न समितिहरु गठन गर्ने, आवश्यक विषय, विज्ञहरुको नियुक्ति गर्ने र नियमनकारी निकायहरु वा अन्य कुनै कार्यालयहरुबाट कुनै पनि किसिमको फेरबदल गर्न, संशोधन गर्न, थपघट गर्न लगायत कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम कार्यहरु गर्न यस कम्पनीको संचालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने बारे ।

४. आयोजनामा पूनः निर्माणको लागी कर्जा थप गर्ने वारे ।

५. विविध

## साधारण सभा सम्बन्धी थप सामान्य जानकारी

१) आठौं वार्षिक साधारणसभा प्रयोजनका लागि यहि मिति २०८१/०२/१७ गते बिहिवार एक दिन कम्पनीको शेयरधनी दर्ता किताव वन्द गरिनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१/०२/१६ गतेसम्म कारोवार भई कायम रहेका शेयरधनीहरु सो सभामा भाग लिनका लागि योग्य हुनेछन् ।

२) आफ्नो राय, सुझाव वा मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको फोन नं. ०१-५९१२००३ तथा ०१-५९१६००४ मा वा कम्पनीको आधिकारिक ईमेलः ppchewa@gmail.com मा सम्पर्क गरी नाम टिपाउनु हुन अनुरोध गर्दछौं । सभामा आफ्नो लिखित राय, सुझाव राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले उक्त राय सुझाव कम्पनीको इमेल ठेगानामा पठाउन सक्नु हुनेछ ।

३) सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।

४) संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।

५) कुनै शेयरधनी महानुभावले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत रहनेछ ।

६) वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी रजिष्टर्ड कार्यालय, हात्तिवन, ललितपुरमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागी कम्पनीको वेवसाइट www.ppcl.com.np मार्फत प्राप्त गर्न सक्नुहुनेछ ।

**संचालक समितिको आज्ञाले,**

**कम्पनी सचिब**

# बागमतीमा भागबन्डा मिलाउन थपियो संसदीय समिति पनि

● सभापति चयन गर्न भोलि निर्वाचन

सरिता दाहाल/राजधानी
मकवानपुर

प्रदेश सरकारको दोस्रो कार्यकाल सुरु भएको डेढ वर्षसम्म संसदीय समिति बनाउन नसेको प्रदेश बागमती प्रदेश सरकारले अन्ततः दलीय भागबन्डा मिलाउन संसदीय समिति थप गरेको छ।

सत्ता गठबन्धनमा रहेका दलहरूको मत मिलाएर सरकार टिकाउन नसक्ने देखिएपछि मन्त्रालय फुटाएर भागबन्डा मिलाएको ४३ घण्टा बित्दै संसदीय समिति पनि थप गरिएको हो । प्रदेश सरकारले दलहरूबीच भागबन्डा मिलाउन पहिलोपटक संसदीय समिति थप गरेको हो । सत्तापक्ष र प्रतिपक्षबीच संसदीय समितिको सभापति चयनमा सकस रहेका बेला पाँचवटा समिति रहेको प्रदेश सभामा एक थप गरी ६ वटा बनाइएको हो ।

प्रदेशसभामा प्रमुख प्रतिपक्षी तथा अन्य दललाई भागबन्डा मिलाउन संसदीय समितिसमेत थप गरिएको हो। प्रदेशसभामा प्रतिनिधित्व गर्ने सात दलमध्ये पाँचवटा दललाई संसदीय समितिको सभापतिमा भागबन्डा नमिलेपछि समिति थप्ने निर्णय भएको हो ।

प्रदेशसभा नियमावली (पहिलो संशोधन) २०७४ को परिच्छेद २० को नियम १६७ को व्यवस्थामा भएबमोजिम सो समिति गठन गर्न प्रदेशसभाका सभामुख भुवन कुमार पाठकको प्रस्तावमा दलहरू सहमत भएका थिए । विशेषाधिकार समितिमा १७ जना सदस्य रहने नियमावलीले व्यवस्था गरेको छ ।

प्रदेशसभाअन्तर्गतका पाँचवटा समितिको निर्वाचन शनिबार हुनेबारे बिहीबार मतदाताको नामावलीसमेत प्रकाशन गरेको थियो। निर्वाचन तालिका प्रकाशन भएको एक दिनपछि संसदीय समितिको संख्या बढाउने सहमति भएको हो। संसदीय समिति थप भएसँगै नेपाली कांग्रेसले दुईवटा समितिको नेतृत्व पाउने भएको छ। अन्य चार दलले एक/एकवटा समितिको नेतृत्व पाउनेगरी सहमति भएको छ । नेकपा माओवादी केन्द्र, नेकपा एमाले, राप्रपा र नेकपा एकीकृत समाजवादी एक/एकवटा समितिको नेतृत्व दिनेगरी सहमति भएको नेकपा माओवादी केन्द्रका बाग्मती प्रदेशका मुख्य सचेतक रत्न ढकालले जानकारी दिए।

जसअनुसार प्रदेश मामिला र सार्वजनिक लेखा समितिको नेतृत्व कांग्रेसले पाउनेछ । यस्तै, राप्रपाले अर्थ तथा विकास समिति, एमालेले उद्योग वन तथा वातावरण समिति, एकीकृत समाजवादीले प्रदेश विशेषाधिकार समिति र माओवादी केन्द्रले शिक्षा, स्वास्थ्य तथा कृषि समिति समितिको नेतृत्व पाउनेछ।

प्रदेशसभाअन्तर्गतका प्रदेश मामिला समिति, अर्थ विकास समिति, सार्वजनिक लेखा समिति, उद्योग, पर्यटन तथा वातावरण समिति र शिक्षा, स्वास्थ्य तथा कृषि समितिको सभापति चयनका लागि निर्वाचन तालिका सार्वजनिक भएको थियो ।

सभापति चयनका लागि प्रदेशसभाले सार्वजनिक मतदाता नामावलीअनुसार प्रदेश समितिमा १९ जना, अर्थ तथा विकास समितिमा २० जना, सार्वजनिक लेखा समितिमा १८ जना, शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा १९ र उद्योग, पर्यटन समितिमा १९ जना मतदाता छन् ।

निर्वाचनका लागि शुक्रबार दिउँसो ३ बजेदेखि ५ बजेसम्म मनोनयन दर्ता साँझ ५ बजेदेखि ६ बजेसम्म मनोनयन फिर्ता लिने पाउने र ६ बजेपछि उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने निर्वाचन कार्यतालिका सार्वजनिक भएको थियो । यसैगरी, समिति सभापति चयनका लागि शनिबार दिउँसो ३ बजेर ३० मिनेटदेखि मतदान हुने र आइतबार बिहान १० बजे निर्वाचित हुनेहरूलाई शपथग्रहण गराउने कार्यतालिका सार्वजनिक गरिएको थियो।

परिवर्तित तालिका अनुसार आज आइतबार मनोनयन दर्ता र मनोनय फिर्ता, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिने छ । भोलि सोमबार निर्वाचन हुँदै छ । निर्वाचितहरूले सोमबार नै शपथ लिने कार्यक्रम रहेको छ।



## कोको हुन् उम्मेदवार ?

बाग्मती प्रदेशसभाको प्रदेश मामिला समितिको सभापतिमा छिरिङ दोर्जे लामा चयन भइसकेका छन्। शनिबार सम्पन्न निर्वाचन प्रक्रियामा कांग्रेस सांसद लामा सो समितिको सभापतिमा सर्वसम्मत चयन भएका हुन्।

दलीय भागबन्डाका आधारमा कांग्रेसको भागमा परेको सो समितिको सभापतिमा लामाको एकल उम्मेदवारी परेकाले प्रक्रिया पूरा गरी समितिका ज्येष्ठ सदस्य कृष्णप्रसाद खनालले लामालाई सभापति चयन भएको घोषणा गरेका हुन् । सांसद लामा काठमाडौं क्षेत्र नम्बर ३ (१)बाट निर्वाचित सांसद हुन् ।

त्यस्तै, कांग्रेसका सांसद श्रीराम लामिछानेले प्रदेशसभाको सार्वजनिक लेखा समितिमा मनोनयन दर्ता गरेका छन् । लामिछानेले सांसद कुमार तामाङको प्रस्ताव र माया श्रेष्ठको समर्थनमा मनोनयन दर्ता गरेका हुन्। सांसद लामिछाने काठमाडौं क्षेत्र नम्बर ४ (१) बाट निर्वाचित सांसद हुन्।

राप्रपाका नुरज बज्राचार्यले अर्थ तथा विकास समितिमा मनोनयन दर्ता गरेका छन् । रमेश महतको प्रस्ताव र डम्बर तामाङको समर्थनमा उनले समिति सभापतिमा मनोनयन दर्ता गरेका छन् । उनी काठमाडौं ९(१) बाट निर्वाचित सांसद हुन ।

माओवादी केन्द्रका सांसद ठाकुरप्रसाद ढकालले प्रदेशसभाको शिक्षा स्वास्थ्य तथा कृषि समितिको सभापतिमा मनोनयन दर्ता गरेका छन् । एमालेको भागमा परेको उद्योग पर्यटन तथा वातावरण समितिको सभापतिमा आनन्दकुमार श्रेष्ठ र नेकपा एसको भागमा परेको विशेषाधिकार समितिको नेतृत्वमा सांसद मायादेवी शर्माले मनोनयन दर्ता गर्नेगरी नाम टुंगो लगाइसकेका उनीहरूको मनोनयन दर्ता आइतबार रहेको छ ।

### औचित्यहीन विशेषाधिकार समिति

दलहरूको सहमतिमा गठन गर्न सहमत भएको सो समितिको औचित्य वर्तमान अवस्थामा बाग्मतीमा देखिँदैन । सो समिति गठन विशेष परिस्थितिमा गर्ने व्यवस्था छ । सो समिति प्रदेशसभाको अधिकार, संसद्को अधिकार वा मानवअधिकार हनन भएको परिस्थितिमा गठन गर्न सक्ने व्यवस्था छ। प्रदेशसभा नियमावली (पहिलो संशोधन) २०७४ को नियम १६९ अनुसार संविधानको धारा १८७ को व्यवस्था उल्लघंन भएको अवस्थामा छानबिन तथा जवाफका लागि सो समिति गठन गर्न सूचना दिने व्यवस्था रहेको छ ।

सो समितिले संविधानको १८७ को व्यवस्थाको विषयमा प्रस्ट पार्न वा सो विषयमा उठेका प्रश्नहरूको जवाफ तयार गर्न सो समिति गठन गर्ने व्यवस्था रहेको छ। वाक स्वतन्त्रता हनन भएको अवस्थामा सो समिति गठन गर्ने संविधानको व्यवस्था रहेको छ ।

संविधानको धारा १८७ अनुसारको प्रदेशसभामा पूर्ण वाक् स्वतन्त्रता, प्रदेशसभामा व्यक्त गरेको अभिव्यक्तिका विषयमा छानबिन वा जवाफका लागि सो समिति गठन गर्न सकिने नियमावलीमा भनिएको छ । तर, प्रदेशसभामा सो अवस्था नरहेका बखत सो समिति गठनका लागि दलहरूले सहमति गरेका हुन् । सो समितिको सदस्य १७ जना रहने व्यवस्था रहेको छ ।

दलहरूको सहमतिअनुसार प्रदेशसभाका अन्य समितिको सदस्य पनि सो समितिको सदस्य रहनेछन् । नियमावलीअनुसार प्रदेशसभाका कुनै एक सदस्य एउटा मात्र समितिको सदस्य रहने नियमावलीमा व्यवस्था रहेको छ।

# विद्यालयको अतिक्रमित जग्गा खाली गर्न चलाइयो डोजर



राजधानी संवाददाता
धनगढी

कैलालीको घोडाघोडी नगरपालिका-३ स्थित राष्ट्रिय माध्यमिक विद्यालयको अतिक्रमित जग्गा खाली गराउन डोजर चलाइएको छ। विद्यालयको जग्गामा वर्षौंदेखि अतिक्रमण गरेर बनाइएका पक्की भवन तथा अन्य भौतिक संरचना शुक्रबारदेखि डोजर लगाएर भत्काउन सुरु गरिएको हो ।

विद्यालय व्यवस्थापन समितिले अतिक्रमित जग्गा खाली गर्न पटकपटक चेतावनी दिँदा पनि अटेर गरेपछि डोजर लगाउनुपरेको जनाएको छ । घोडाघोडी नगरपालिका-१ का वडाध्यक्ष घनश्याम ओझाले सुदूरपश्चिमको एक मात्र विशेष विद्यालय निर्माणका लागि अतिक्रमित संरचना हटाउन थालिएको दाबी गरे। उनले भने, 'संघीय सरकारबाट योजना आएको छ, विशेष विद्यालय निर्माण गर्न २०७५ सालमा बजेट आएको छ । विद्यालयको खातामा रकम थन्किएको छ । विद्यालयको नाममा दर्ता रहेको जग्गामा विशेष विद्यालय निर्माण गर्ने योजना छ ।'

घोडाघोडी नगरपालिका-१ सुखडमा रहेको राष्ट्रिय माविको स्रस्ता नम्बर ९७ को ८ कठ्ठा जग्गामा निर्माण गरिएका घरटहरामा शुक्रबारदेखि डोजर चलाउन सुरु गरिएको छ। विद्यालय व्यवस्थापन समितिको आग्रहमा घोडाघोडी नगरपालिकाले अतिक्रमण गरेर निर्माण गरिएका भौतिक संरचनामा डोजर चलाएको छ । वडाध्यक्ष ओझाले भने, 'पहिला शान्तिनगरको जग्गा छनोट गरिएको थियो, त्यो जग्गा बाढीले बगाएको छ, अहिले स्थान परिवर्तन गरेका हौं, विद्यालयले डीपीआर दिँदै छ, हामीले टेन्डर गर्ने हो ।'

विद्यालयमा पाँच वर्षदेखि अलपत्र परेको ९३ करोडको आयोजना निर्माणका लागि निजी घर तथा टहरा हटाउन थालिएको हो। २०७५ सालमा संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा विभागबाट सो आयोजना विद्यालयमा परेको हो। तर, विद्यालयको खातामा २ करोड ५३ लाख रुपैयाँ जम्मा रहेको भए पनि जग्गा अभावका कारण आयोजना कार्यान्वयनमा गएको छैन ।

२०७५ सालमा दुईवटा छात्रावास भवन, एकेडेमी भवन, एक चमेनागृह, एक फिजियोथेरापी भवन, बगैंचा, खेलमैदान, पर्खालसमेत निर्माणका लागि बजेट आएको छ । ती संरचना निर्माण गर्न विद्युतीय बोलपत्र गर्न विद्यालयले नगरपालिकालाई पत्राचार गरेको छ। तर, नगरपालिकाले स्टिमेटको कामसमेत पूरा गरेको छैन ।

राष्ट्रिय माध्यमिक विद्यालय, सुखडका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खगेन्द्र हमालले फरक क्षमता भएका विद्यार्थीका लागि आयोजना कार्यान्वयन गर्न जग्गा खाली गरिएको बताए। उनले भने, 'उहाँहरूसँग आफैं खाली गर्न समझदारी भएको हो तर उहाँहरूले खाली गर्नुभएन । हामीले आजबाट खाली गर्न थालेका छौं, तीन दिनभित्र आठ कठ्ठा सबै खाली हुन्छ ।'

फरक क्षमता भएका सुदूरपश्चिमका २ सय विद्यार्थीलाई आवाससहितको अध्यापनका लागि भवन निर्माण गरिने भएको छ। १३ जना कर्मचारी, चार जना चिकित्सक, ४० जना खाना पकाउने व्यक्ति र २० जना सरसफाइ कर्मचारी आयोजनामार्फत भर्ना गरिने तयारी छ। ती कर्मचारीबाट फरक क्षमता भएका विद्यार्थीलाई शिक्षा प्रदान गरिने विद्यालयले जनाएको छ।


## पाँचथर पावर कम्पनि लिमिटेड
Panchthar Power Company Limited

हात्तिबन, ललितपुर, फोन नं. ०१-५९१२००३, ०१-५९१६००४
Email : ppchewa@gmail.com, website: www.ppcl.com.np

### आठौं वार्षिक साधारण सभा बस्ने वारेको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०२/०६

श्री आदरणीय शेयरधनी महानुभावहरु,
यस पाँचथर पावर कम्पनि लिमिटेडको मिति २०८१/०२/०४ मा वसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न कम्पनीको आठौं वार्षिक साधारण सभा बस्ने भएकोले सम्पूर्ण शेयरधनि महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८१ साल जेष्ठ २७ गते आइतवार (तदनुसार सन् २०२४ जुन ९) ।
समय : बिहानको ११.०० बजे
स्थान : होटल इम्पेरीयल काठमाण्डौ, बत्तिसपुतली ।

**छलफलका बिषयहरु :**

**क. सामान्य प्रस्तावहरु:**
१. अध्यक्षज्यूको मन्तव्य तथा आठौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।
२. लेखापरीक्षकद्वारा प्रस्तुत आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहितको आय व्यय विवरण र वासलात माथि छलफल गरि पारित गर्ने बारे ।
३. आगामी आ.व. २०८०/०८१ को लागी लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने बारे।

**ख. विशेष प्रस्तावहरु**
१. कम्पनीको नियमावलिको नियम २७(२), (संचालक समितिको संख्या) मा संशोधन गर्ने वारे ।
२. पाँचथर पावर कम्पनी लिमिटेडले श्री एक्सेस इन्भेष्टमेन्ट प्रा.लि. र मेगा भेन्चर प्रा.लि.लाई प्राप्ति/गाभ्ने बारे ।
३. पाँचथर पावर कम्पनी लिमिटेडले श्री एक्सेस इन्भेष्टमेन्ट प्रा.लि. र मेगा भेन्चर प्रा.लि.लाई प्राप्ति/गाभ्ने सन्दर्भमा आवश्यक पर्ने विभिन्न समितिहरु गठन गर्ने, आवश्यक विषय, विज्ञहरुको नियुक्ति गर्ने र नियमनकारी निकायहरु वा अन्य कुनै कार्यालयहरुबाट कुनै पनि किसिमको फेरबदल गर्न, संशोधन गर्न, थपघट गर्न लगायत कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम कार्यहरु गर्न यस कम्पनीको संचालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने बारे ।
४. आयोजनामा पून: निर्माणको लागी कर्जा थप गर्ने वारे ।
५. विविध

#### साधारण सभा सम्बन्धी थप सामान्य जानकारी

१) आठौं वार्षिक साधारणसभा प्रयोजनका लागि यहि मिति २०८१/०२/१७ गते बिहिवार एक दिन कम्पनीको शेयरधनी दर्ता किताव वन्द गरिनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१/०२/१६ गतेसम्म कारोवार भई कायम रहेका शेयरधनीहरु सो सभामा भाग लिनका लागि योग्य हुनेछन् ।
२) आफ्नो राय, सुझाव वा मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको फोन नं. ०१-५९१२००३ तथा ०१-५९१६००४ मा वा कम्पनीको आधिकारिक ईमेल: ppchewa@gmail.com मा सम्पर्क गरी नाम टिपाउनु हुन अनुरोध गर्दछौं । सभामा आफ्नो लिखित राय, सुझाव राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले उक्त राय सुझाव कम्पनीको इमेल ठेगानामा पठाउन सक्नु हुनेछ ।
३) सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वत: बदर हुनेछ ।
४) संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।
५) कुनै शेयरधनी महानुभावले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत रहनेछ ।
६) वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी रजिष्टर्ड कार्यालय, हात्तिवन, ललितपुरमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागी कम्पनीको वेवसाइट www.ppcl.com.np मार्फत प्राप्त गर्न सक्नुहुनेछ ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव


## डढेलो तथा आगलागीपीडितको सहयोगार्थ राहत संकलन

**खोटाङ/रास-** खोटाङको हलेसी तुवाचुङ नगरपालिकाका डढेलो तथा आगलागीपीडितको सहयोगार्थ २ लाख रुपैयाँभन्दा बढी राहत संकलन भएको छ। सात राजनीतिक दलको नगर कमिटिको अगुवाइमा ३ जेठसम्म २ सय ३३ जना दाताबाट २ लाख ११ हजार ६५ रुपैयाँ संकलन भएको हो ।

११ वडा रहेको नगरपालिकामा विभिन्न मितिमा लागेको डढेलो र आगलागीबाट विस्थापित भएका दर्जनौं स्थानीयको पुनःस्थापनाका लागि नेपाली कांग्रेस, नेकपा एमाले, एकीकृत नेकपा माओवादी केन्द्र राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी, राप्रपा र नेकपा (एकीकृत समाजवादी)को नगर कमिटीले सहयोग अभियान थालेको हो ।

डढेलोबाट घर, गोठ तथा पशुचौपाया गुमाएका पीडितको सहयोगार्थ सुरु गरिएको अभियान केही समय जारी रहने हलेसी तुवाचुङ नगरपालिका-३ च्यास्मिटार निवासी नेकपा एमाले खोटाङका सचिव सुरेन्द्रकुमार राईले बताए । नगरपालिकामा क्रियाशील राजनीतिक दलको गत वैशाख १८ गतेको बैठकले अग्निपीडितको सहयोगार्थ संयुक्त रूपमा आर्थिक संकलन गर्ने निर्णय गरेको थियो । नगरमा क्रियाशील दलले अग्निपीडितको सहयोगका लागि घरदैलो अभियानसँगै 'क्युआर' कोडसमेत सञ्चालनमा ल्याएका छन् ।

नगरपालिकामा डढेलो तथा अन्य कारणबाट करिब ५० घर, मतान र गोठ जलेको अनुमान छ। दलका नगर समितिले अग्निपीडितलाई सहयोग गर्ने स्थानीय सरकार, संघसंस्थालगायतलाई धन्यवाद ज्ञापन गर्दै थप सहयोग अभियान थालेका हुन् ।

सात दलका नगर कमिटीले नेता, कार्यकर्ता, जनप्रतिनिधि, कर्मचारी, व्यपारी, सामाजिक अभियान्ता र मनका धनीलाई सहयोग अभियानमा जोडिन आह्वान गरेका छन्। नेपाली कांग्रेसका नगर सभापति चक्रकुमार राई, एमालेका नगर कमिटी अध्यक्ष डिल्ली चाम्लिङ, एकीकृत नेकपा माओवादीका नगर कमिटी अध्यक्ष राजुविक्रम चाम्लिङ, रास्वपा खोटाङका प्रचार विभाग प्रमुख, सन्तोषकुमार दाहाल, जसपाका नगर कमिटी अध्यक्ष राजन राई, राप्रपाका नगर कमिटी अध्यक्ष सरोज गिरी र नेकपा एकीकृत समाजवादीका नगर अध्यक्ष मकर राईले संयुक्त अपिल जारी गरेका छन् ।

# मच्छिम डाँडामा निर्मित 'भ्युस्टेसन' पर्यटकको रोजाइमा

रासस
गलेश्वर (म्याग्दी)



पश्चिम म्याग्दीको धवलागिरि गाउँपालिका-७ मच्छिममा निर्मित 'भ्युस्टेसन' आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्न थालेको छ । स्थानीयले श्रमदान, मेला र चन्दाबाट रकम संकलन गरी पर्यटकीय पूर्वाधारसहित निर्माण गरेको सो 'भ्युस्टेसन' पर्यटकको रोजाइमा पर्न थालेको हो ।

मच्छिमका डाँडामा भ्यु-स्टेसनसहितका पूर्वाधार निर्माण भएपछि गुरिल्ला पदमार्गमा हिँड्ने र धौलागिरि हिमाल आरोहणका लागि जाने आन्तरिक तथा बाह्य पर्यटकलाई सुविधा पुगेको छ । पूर्वाधार निर्माण भएसँगै बाह्य पर्यटक आउनेक्रम बढेको स्थानीयले बताएका छन् ।

म्याग्दीको सदरमुकाम बेनीबाट ३४ किलोमिटर पश्चिमको यात्रा गरेपछि यो ठाउँमा पुग्न सकिन्छ। यातायातका साधन अथवा पदमार्गमार्फत पनि पुग्न सकिने यस ठाउँमा मुख्यतः छन्त्याल समुदायको बाहुल्यता छ । छन्त्यालका अतिरिक्त यहाँ गुरुङ, मगर, थकाली, भण्डारी, थापा, क्षेत्री तथा दलित समुदाय गरी करिब १ सय १४ घरधुरीको मिश्रित बसोबास छ ।

गाउँमा पर्यटकीय पूर्वाधार निर्माण गर्न मच्छिमको भुमे युवा क्लब सक्रिय रहेको स्थानीय नगेन्द्र मल्ल ठकुरीले बताए । गत वर्ष श्रीपञ्चमी पर्वका अवसरमा आयोजित मेलाबाट संकलन भएको रकमले यहाँ पर्यटकीय पूर्वाधार निर्माण गरिएको उनले जानकारी दिए। उनका अनुसार डाँडामा दृश्यावलोकन स्थल, सार्वजनिक शौचालय र प्रतीक्षालय निर्माण गरिएको छ ।

'मेला सञ्चालन गरेर भएको आम्दानी, दाताको सहयोग र श्रमदान जुटाएर भ्युस्टेसनमा पूर्वाधार बनाएका हौं,' ठकुरीले भने, 'पूर्वाधार निर्माणमा श्रमदानबाहेक करिब ९ लाख खर्च भएको छ ।'

यहाँबाट मच्छिम र छिमेकी गाउँ, नागबेली परेर बगेको म्याग्दी नदी, धवलागिरि, गुर्जालगायत हिमालको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । यहाँका पर्यटकीय गन्तव्यबारे जानकारी दिन सूचनामूलक बोर्ड राखिएको छ ।

गर्मीमा शीतल र चिसोमा घाम ताप्दै दृश्यावलोकन गर्न सकिने स्थानीय ठकुरीले बताए । 'पानी पर्दा, हावाहुरी चल्दा प्रतीक्षालयमा आश्रय लिन सकिन्छ । शवदाहस्थल, खेलमैदान र खानेपानी आयोजना मर्मत गरिएको छ,' उनले भने ।

गाउँपालिकाको केन्द्र मुना जोड्ने मूल सडकमा पर्ने मच्छिमगाउँ 'गुरिल्ला' पदमार्गमा पर्छ। धार्मिक, प्राकृतिक तथा सांस्कृतिक विविधताले मच्छिमबाट धवलागिरि, चुरेन, गुर्जा तथा मानापाथी हिमाल आँखै अगाडि देख्न सकिन्छ ।

गाउँबाट एक किमी पश्चिममा छन्त्यालको टुकटुके र छिनोका माध्यमबाट खनिएको तामा खानी अवलोकन गर्न सकिन्छ । मच्छिम गाउँबाट केहीमाथि डाँडामा छन्त्याल जातिले कुल पूजा गर्ने कुल मन्दिर छ। सो मन्दिर परिसरबाट हिमशृंखला आँखैअगाडि उभिएको देखिन्छ ।

गाउँको पर्यटन प्रवर्धनका लागि स्थानीय युवा सक्रिय भएर पूर्वाधार निर्माणमा जुटेका अगुवा महिला तिला छन्त्यालले बताइन् । उनका अनुसार युवाले विविध सांस्कृतिक कार्यक्रम र चन्दा संकलन गरेर हेम नमुना आवासीय मावि काफलडाँडा, मच्छिमको भूमे आधारभूत विद्यालय र फलियागाउँको धनजनता माविलाई शैक्षिक सामग्रीसमेत सहयोग गरेका छन् ।

गाउँका विपन्न तथा आर्थिक अवस्था कमजोर भएकालाई दाल, चामललगायत खाद्यान्न सामग्री सहयोग गर्ने गरेका छन्त्यालले बताइन्। यहाँका युवा फुर्सदका समयमा सामाजिक काम र खेलकुदका गतिविधिमा सहभागी हुँदै आएका उनको भनाइ छ ।